# स्थानीय राजपत्र

## ज्वालामूखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ३ संख्याः २ मितिः २०७६।०३।३१

**भाग : १**

## विनियोजन विधेयक २०७६

**ज्वालामूखी गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन–२०७६**

**<u>प्रस्तावना :–</u>** ज्वालामूखी गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२९ को उप-धारा (२) बमोजिम ज्वालामूखी गाउँपालिकाको तेस्रो गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "ज्वालामूखी गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ मा सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** :- (१)आर्थिक वर्ष २०७६।०७७ को लागि गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत **.४००९९३०००।- (अक्षेरुपी रु चालिस करोड नौ लाख त्रियानब्बे हजार मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

२) उफदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका कार्यालयलाई आ.व. २०७६/२०७७ भित्र संघिय सरकार, प्रदेश सरकार वा अन्य जुनसुकै निकाय बाट रकम प्राप्त हुन आएमा उक्त रकम संचित कोषमा आम्दानी बाँधी गाउँकार्यपालिकाको निर्णय अनुसार खर्च गर्न बाधा पुग्ने छैन ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ का लागि ज्वालामूखी गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२)**उपदफा** (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा

बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) **उपदफा** (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

(४) उल्लेखीत दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि आ.व. ०७५।७६ वाट स्थानीय तहहरुले अनिवार्य रुपमा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (**क्त्च्छ**) लागु गर्नुपर्ने भएकोले रकमान्तर सम्वन्धी व्यवस्था **क्त्च्छ** वमोजिम हुनेछ।

**अनुसूचि-१**

(**दफा २ संग सम्बन्धित**)

**नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा २ बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम**

| सकेत न | खर्च शिर्षक | आव | |
|---|---|---|---|

| | | २०७६।०७७ को अनुमान | आन्तरिक श्रोत | अन्तर सहकारी बित्तिय हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानिय तह |
| चालु खर्च | | | | | | |
| १००१ | पदाधिकारी पारिश्रमिक तथा सुविधा | ६,००० | ६,००० | | | |
| १००२ | कर्मचारी पोत्साहन भत्ता | १,५०० | १,५०० | | | |
| १००३ | कर्मचारी पारिश्रमिक | १२,५०० | | १२,५०० | | |
| १००४ | महगी भत्ता | १,३४४ | | १,३४४ | | |
| १००५ | स्थानीय भत्ता | ४५० | | ४५० | | |
| १००६ | प्राविधिक कर्मचारी फिल्ड भत्ता | ९०० | | ९०० | | |
| १००७ | पदाधिकारी तथा कर्मचारी बैठक भत्ता | ४,००० | ४,००० | | | |
| १००८ | सार्वजनीक सुनुवाइ | ५०० | | ५०० | | |
| १००९ | पोशाक कर्मचारी | ५६० | | ५६० | | |
| १०१० | सवारी साधन मर्मत | १,००० | | १,००० | | |
| १०११ | विमा तथा नविकरण खर्च | ५०० | | ५०० | | |
| १०१२ | सन्चार महसुल | १,२०० | २०० | १,००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०१३ | मेशीनरी तथा औजार मर्मत तथा सचालन खर्च | १,५०० | | १,५०० | | |
| १०१४ | धारा बिजुली | ४०० | | ४०० | | |
| १०१५ | कार्यालय सन्चालन सम्वन्धि खर्च छपाइ समेत | ६,००० | | ६,००० | | |
| १०१६ | इन्धन अन्य प्रयोजन | १०० | | १०० | | |
| १०१७ | अन्य भाडा | ५०० | | ५०० | | |
| १०१८ | घर भाडा | २,००० | | २,००० | | |
| १०१९ | इन्धन | २,००० | | २,००० | | |
| १०२० | सेवा परामर्श | ५,००० | | ५,००० | | |
| १०२१ | विविध | ३,५०० | ३,५०० | | | |
| १०२२ | सुचना प्रणाली तथा सफ्टवयेर सचालन | ३,००० | | ३,००० | | |
| १०२३ | सभा सचालन खर्च | ७०० | | ७०० | | |
| १०२४ | अनुगमन मुल्याकन | ३,००० | | ३,००० | | |
| १०२५ | अन्य शेवा शुल्क | ८,००० | | ८,००० | | |
| १०२६ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | २,००० | | २,००० | | |
| १०२७ | सरुवा भ्रमण खर्च | १०० | | १०० | | |
| १०२८ | कर्मचारी क्षमता विकास तथा तालिम | १,००० | | १,००० | | |
| १०२९ | सीप विकास तालिम | १,००० | | १,००० | | |
| १०३० | अन्य कार्यक्रम खर्च | १,००० | | १,००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ७१,२५४ | १५,२०० | ५६,०५४ | | |
| पुँजीगत खर्च | | | | | | |
| | प्रहरी चौकी व्यवस्थापन | ७०० | | ७०० | | |
| | गाँउपालिका स्तरीय योजना | ७६,३५६ | ५,८७१ | ७०,४८५ | | |
| | सवारी साधन खरिद | १,५०० | | १,५०० | | |
| | शिक्षा शाखा | १,५०० | | १,५०० | | |
| | पशु विकास शाखा | १,००० | | १,००० | | |
| | कृषि विकास शाखा | १,००० | | १,००० | | |
| | महिला तथा बालबालिका शाखा | ५०० | | ५०० | | |
| | स्वास्थ्य शाखा | १,००० | | १,००० | | |
| | फर्निचर तथा फिक्चरर्स | २,००० | | २,००० | | |
| | मेशिनरी ओजार | ३,००० | | ३,००० | | |
| | समपुरक कोष | | | | | |
| | एम्वुलेन्स सेवा अनुदान | | | | | |
| | विपद व्यवस्थापन | | | | | |
| | शशर्त अनुदान | १४३,१८३ | | १४१,४०० | १,७८३ | |
| | पुजिगत अनुसन्धान तथा परामर्श | | | | | |
| | कार्याक्रम खर्च वडागत | ९८,००० | | ९८,००० | | |
| पुजिगत जम्मा | | ३२९,७३९ | ५,८ | ३२२,०८ | १,७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७१ | ५ | ८३ | |
| चालु खर्च जम्मा | ७१,२५४ | १५,२<br>०० | ५६,०५<br>४ | | |
| कुल जम्मा | ४००,९९<br>३ | २१,०<br>७१ | ३७८,१३<br>९ | १,७<br>८३ | |

**गाउँपालिका अर्न्तगतका वडाहरुमा विनियोजित वजेट**

| | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|
| | १ | रु. १ करोड ४० लाख | |
| | २ | रु. १ करोड ४० लाख | |
| ३ | ३ | रु. १ करोड ४० लाख | |
| ४ | ४ | रु. १ करोड ४० लाख | |
| ५ | ५ | रु. १ करोड ४० लाख | |
| ६ | ६ | रु. १ करोड ४० लाख | |
| ७ | ७ | रु. १ करोड ४० लाख | |
| **जम्मा** | | **९ करोड ८० लाख** | |

आज्ञाले

**बद्रिनाथ लम्साल**

प्रमुख प्रशासकीय अधिकृत

**विनियोजन विद्येयक २०७६, मूल्य रु. ५/-**